# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं चैत्र १ गते २०१० साल [ संख्या ३१

## भाग १

### पब्लिक सर्भिस कमिशनको सूचना

४५ प. स. क. प्रका. ।१०    २०१०।१२।१।१

८७०

उमेदवारले दिइने दरखास्तहरुमा पब्लिक सर्भिस कमिशनलाई चाहिनेजति कुरा पर्याप्त तथा एकनाशको होस् भन्ने हेतुले 'प. स. क. दरखास्त फाराम नं. १, २०१०' सबै उमेदवारहरूलाई विनामूल्य वितरण गरिएको छ। जहाँ प. स. क. बाट सोझै दरखास्त फाराम पठाउँदा धेरै समय लाग्न जान्छ, त्यहाँका निमित्त दरखास्त फाराम सुलभ होस् भन्ने विचारले प्रत्येक माल, गोस्वारा र हुलाकमा एक एक प्रति नमूना पठाइदिएको छ, सोही नमूनाबमोजिम सादा कागतमा लेखी भरी पठाए हुन्छ। तर जुन उद्देश्यले प. स. क. ले दरखास्त फाराममा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मा

228

उमेद्‌वारको दरखास्त भराएर लिन चाहेको हो, सो कुनै कुनै उमेद्‌वारको दरखास्त फारामको हरएक दफामा पूरापूरा जवाफ नदिएको तथा कैयन् दफाको जवाफै नदिई पठाउने गरेको देखियो। फेरि कुनै कुनै बहालवाला जागीरदारले आफू-माथिका हाकिमको दस्खत र अड्डाको छाप लगाई पठाउनुपर्ने सो पनि कसैले हाकिमको दस्खत मात्र, कसैले अड्डाको छाप मात्र र कसैले दुवैको वास्ता नगरी पठाएको देखियो। सर्टिफिकेटको नकल राख्न पर्ने सो पनि कसै कसैले राखेको देखिएन। अतः यसरी फाराममा दरखास्त नगर्ने, फाराममा दरखास्त गरे तापनि फाराममा प्रत्येक दफाको उचित जवाफ लेखी नभर्ने, अड्डामार्फत आउनुपर्नेमा हाकिम तथा अड्डाका दस्खत र छाप दुवै हुनुपर्ने नभएका र सर्टिफिकेटको नकल नभएका दरखास्त अपूरो र बेरीतका ठहरिन जाने हुनाले र प. स. क. ले खोजे-जति कुरा ज्ञात नहुने हुनाले उमेद्‌वारहरूले यस विषयमा विशेष ध्यान दिई दरखास्त फाराम भरी पठाउने गर्नुहोला।

आज्ञाले—
खड्गमान मल्ल
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन सिंहदरबार
काठमाडौं नेपाल

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म